त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुतु, खागनेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

# आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

त्रिवेणी गाँउपालिका, रुकुम (पश्चिम)

त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०८०

गाउँसभाको नवौं अधिवेशनमा मिति २०८०/०३/१० गतेका दिन गाउँपालिका उपाध्यक्ष श्री राजकुमारी रेउले ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**यस त्रिवेणी गाउँपालिकाको गरिमामय गाउँसभाका अध्यक्ष ज्यू,**

**सदस्य ज्यूहरु,**

राष्ट्रको महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मार्फत सिंहदरबार केन्द्रित जनताको अधिकार जनताकै घरदैलोमा पुऱ्याई आफ्नो भाग्यको फैसला आफै गर्ने अधिकार सहित यहाँसम्म पुऱ्याउन विभिन्न कालखण्डमा लगायत जनयुद्ध र जनआन्दोलनका महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते अपाङ्गप्रति उच्च सम्मान प्रकट गर्दै गाउँसभाको यस नवौं अधिवेशनमा उपस्थित हुनु भएका सम्पुर्ण सदस्य ज्यूहरुमा अभिवादन गर्न चाहान्छु । उपस्थित आमन्त्रित अतिथि गणहरु, पत्रकार, सुरक्षाकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण त्रिवेणीबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहान्छु । राज्यको सीमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मुल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानिय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै त्रिवेणी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो । यद्यपि भौगोलिक असहजता, गरिबी, अभाव, घरेलु हिंसा, अशिक्षा जस्ता थुप्रै समस्याहरु हुँदाहुँदै पनि प्राकृतिक सौन्दर्य, विविधता र पछिल्लो समयमा देखिएको विकासका क्रमले सकारात्मक सन्देश दिएको अवस्था छ ।

**सभाध्यक्ष महोदय,**

त्रिबेणी गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका मध्यको एक हो । साविकका गा. वि. स. हरु रुँघा, खारा, मूरु, पेउघा र नुवाकोटको (३) नं वडाको भूभाग ओगटेर बनेको यस गाउपालिकाको कुल क्षेत्रफल ८५.४९ वर्ग कि.मी. रहेको र १० वटा वडामा पछिल्लो तथ्यांक अनुसार ४४०० घरधुरी र कूल जनसंख्या २३,५२० रहेकोमा हालको सन्दर्भमा सो संख्यामा बृद्धि भई गाउँपालिकाले सेवा प्रदान गर्नुपर्ने जनसंख्यामा बृद्धि हुँदै गएको छ । राज्यको पुर्नसंरचनाका क्रममा त्रिवेणी गाउँपालिकालाई सुविधा सम्पन्न, व्यवस्थित र सुन्दर पालिकाको रुपमा विकास गर्न र सोही अनुरुप आवश्यक संरचना निर्माण कार्य क्रमिक रुपमा भैरहेको अवस्था छ । सबै क्षेत्रबाट यसलाई विकास गर्नका लागि सबै सरोकारवालाहरुले यसमा ध्यान पुऱ्याउन जरुरी भएको हुनाले यसतर्फ सबैलाई जानकारी एवं ध्यान आर्कषण गराउन चाहान्छु ।

राजकुमारी रेउले
उपाध्यक्ष

विकास क्रियाकलापलाई जनताका पक्षमा योजनाबद्ध रुपमा संचालन गर्ने मार्ग निर्देशनको रुपमा नेपालको संबिधान २०७२ को अनुसूचि ८ मा उल्लेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा बिषयगत अधिकारहरुको सूचिमा ब्यबस्था भएबमोजिम गाउँ पालिकाको कार्य जिम्मेवारी नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन र (मन्त्रिपरिषद) प्रचलित कानुन बमोजिम कार्यान्वयनमा ल्याउन आवश्यक छ । वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाईएका र अपेक्षा गरिएका कतिपय माग र आवश्यकताहरुको यथोचित सम्बोधन हुन नसकेको अवस्था विद्यामान छ । कार्यान्वयनमा ल्याईएका उपरोक्त योजनाहरुको समिक्षा, विश्लेषण र नयाँ मागलाई सम्बोधन गर्न पालिकाले प्रथम पञ्चवर्षीय आवधिक योजनाको निर्माण हाले सम्पन्न गरेको छ र विकासका लागि गाउँपालिकाको संस्थागत संरचना मन, वचन र कर्मका साथ क्रियाशिल रहेको कुरा सगर्व निवेदन गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठूलो राजनैतिक परिवर्तनपछि बिगतको सामन्ती केन्द्रिकृत राज्य सयन्त्रको संस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वत:स्फुर्तरुपमा जागृत भएको छ । नेपाली जनताको निरन्तर त्याग बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँ सरकारको तर्फबाट गाउँपालिकाका उर्जाशील जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र समृद्ध गाउँपालिकाको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

उपरोक्त परिवेशमा सीमित स्रोत साधनवाट धेरै आवश्यकता सम्बोधन गर्नुपर्ने यो बजेट साामाजिक रुपान्तरण, आर्थिक विकास र त्रिवेणी गाउँपालिकाको समृद्धिको आधारशिला बन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यान्वयनको संक्षिप्त रुपमा समीक्षा गर्न चाहन्छु ।

राजकुमारी रेउले
उपाध्यक्ष

## राजश्व संकलनको अवस्था

आर्थिक वर्ष २०७९/०८० मा रु. एक करोड राजश्व संकलनको लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म **रु. ६२ लाख ५६ हजार ५ सय ६४** राजश्व संकलन भएको छ। व्यवसायी तथा आम नागरिकमा कर तिर्नुपर्छ भन्ने भावनाको विकास नहुनु, आन्तरिक राजश्वका दायराहरु आवश्यक पहलका बाबजुद पनि विस्तार हुन नसक्नुका साथै राजश्वका दरहरु बढाउँदा जनजीविकामा प्रत्यक्ष असर पर्ने भएकोले राजश्व संकलनको लक्ष्य हासिल गर्न कठिन देखिएको छ।

## भौतिक पूर्वाधार तर्फ

आर्थिक वर्ष २०७९/०८० को बिनियोजित रकम बाट भौतिक पूर्वाधारका क्षेत्रमा विभिन्न कामहरू भएका छन्। जसमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ भने गाउँपालिकाको १० शैयाको आधारभुत अस्पतालको निर्माण कार्य समेत जारी रहेको छ। सडक तर्फ १० वटै वडाहरूमा साना ठूला गरी करिब ३९ वटा सडक निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ। सिम्रुतु-विमैचा-स्यानाखर्क-बारकोटे धुरी-गैरीनेटा सडक स्तरोन्नति गरिएको छ भने खारानेटा-चिउरीगन्टा-खुम्चेरी सडक निर्माण कार्य अन्तिम चरणमा रहेको छ। गत आवमा प्रतिवद्धता गरिएबमोजिम विद्यालयलाई टिनको छानोमुक्त बनाउने घोषणालाई सार्थक बनाउन चालु आवमा २९ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका छन्। यसैगरी खानेपानी तर्फ १० वटै वडाहरूमा साना तथा ठूला गरी ३५ वटा खानेपानी योजना निर्माण तथा मुहान संरक्षण कार्य सम्पन्न गरी खानेपानी समस्या हल गरिएको छ। साथै त्रिवेणी गाउँपालिका वडा नं ७ मा जिल्ला समन्वय समिति र गाउँपालिकाको संयुक्त लागत साझेदारीमा थारमारे राजकोट लिफ्ट खानेपानी ट्याङ्की निर्माण तथा पाईपलाईन विस्तार कार्य भैरहेको छ। संघ प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाको विभिन्न स्थानमा खानेपानी योजना निर्माण कार्य सम्पन्न गरिएको छ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

बालबिकास केन्द्रमा अध्ययनरत ८०० बालबालिकाहरुलाई नि:शुल्क पोसाक वितरण गरिएको छ। बालमैत्री कक्षा सञ्चालन गर्न बालविकास शिक्षकलाई तालिम दिई शिक्षण सिकाई सामाग्री सहयोग गरिएको छ। विद्यालयहरूमा पुस्तकालय, कम्प्युटर तथा विज्ञान सामाग्री खरिदको लागि अनुदान रकम उपलब्ध गराई कार्य सम्पन्न गरिएको छ। १० वटै वडामा अभिभावक, शिक्षक, वि.व्य.स. सम्बन्धी गुणस्तरीय शिक्षाका लागि परिवार



राजकुमारी रेउले
सभाध्यक्ष

समाज तालिम सञ्चालन गरिएको छ । स्थानीय पाठ्यक्रम स्रोत पुस्तिका निर्माण कार्य अगाडि बढाइएको छ ।

## स्वास्थ्य तथा पोषण तर्फ

त्रिवेणी गाउँपालिकाका गर्भवती महिलाहरुको सुलभ स्वास्थ्य सेवाका लागि ग्रामीण भिडियो एक्सरे कार्यक्रमको लागि अत्याधुनिक भिडियो एक्सरे मेशिनको व्यवस्था गरिएको छ । त्रिवेणी गाउँपालिकाभित्रका ६ जना दिर्घरोगीहरू लाई मासिक पाँच हजार रुपैयाँ आर्थिक सहायता प्रदान गरिएको छ ।

नियमित खोप अभियानका साथै कोभिड १९ विरुद्धको खोप अभियान सम्पन्न गरिएको छ । आधारभूत स्वास्थ्य सेवा केन्द्र बरनेटीको भवन निर्माण कार्य सुरु गरिएको छ साथै मुरु स्वास्थ्य चौकी बर्थिङ सेन्टर भवन निर्माण प्रक्रिया अगाडि बढाइएको छ । गाउँपालिकामा एम्बुलेन्सको व्यवस्था गरी १५ गर्भवती तथा सुत्केरी महिलाहरुका साथै विपन्न वर्गका बिरामीहरुलाई निःशुल्क सेवा प्रदान गरिएको छ । जटिल प्रकृतिको रोग लागेका १९ जना बिरामीहरुलाई १ लाख सम्मको उपचार छुट हुने व्यवस्थाको लागि सिफारिस गरिएको छ । गाउँपालिकाका १० वटै वडाहरुमा एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी सेवा प्रदान गरिएको छ । ओटिसी सेन्टर, स्तनपान कक्ष र पोषण कर्नरको स्थापना गरिएको छ । किशोरकिशोरमैत्री सेवा विस्तार गरिएको छ । स्थानीय खानाको प्रवर्द्धन, जीवनको महत्वपूर्ण अवसर मनाउने कार्यक्रम तथा सुनौलो हजार दिनका गर्भवती आमाहरुलाई पोषिलो खानेकुरा साथै सरसफाई सामाग्री वितरण गरिएको छ । विद्यालयका स्वास्थ्य शिक्षक र सूचीकारहरुलाई संगी प्याड सम्बन्धी तालिम प्रदान गरिएको छ ।

## रोजगार तर्फ

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आ.व.मा १० वटा सामुदायिक आयोजनाबाट १७१ जनालाई १०० दिन बराबरको रोजगारी प्रदान गरियो । साथै मुख्यमन्त्री रोजगार कार्यक्रमबाट पनि १० वटा योजना मार्फत बेरोजगार युवाहरुलाई रोजगारी प्रदान गरिएको छ ।

## महिला बालबालिका शाखा तर्फ

कर्णाली प्रदेश सरकारको 'बैंक खाता छोरीको: सुरक्षा जीवनभरीको' कार्यक्रम मार्फत हालसम्म ७५२ छोरीको खाता सञ्चालन गरिएको छ । घुम्ती शिविर, घरदैलो तथा

कार्यालयबाट गरेर चालु आर्थिक वर्षमा मात्र जम्मा ४२ जना अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ । विभिन्न दिवसको अवसरमा लैंगिक हिंसा निवारणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरियो । सबै वडाहरुमा बालविवाह न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गरियो । सबै माध्यमिक विद्यालयमा लैंगिक हिंसा निवारणका लागि वक्तृत्वकला प्रतियोगिता संचालन गरियो । लैंगिक हिंसा निवारणका लागि कोषलाई निरन्तरता दिईएको छ ।

### उद्यम विकास तर्फ

त्रिवेणी गाउँपालिका वडा नं १, ५ र ६ का ८५ जना व्यक्तिहरुलाई उद्यम विकासका लागि सामाजिक परिचालन र उद्यमशिलता विकास तालिम प्रदान गरियो । वडा नं १ मा सिलाईकटाई तालिम, वडा नं १ र ५ मा बाँसको फर्निचर तथा हस्तकला सीप विकास तालिम र वडा नं. ६ मा डल कुशन तालिम सञ्चालन मार्फत ६० जना उद्यमी निर्माण गरियो । साथै त्रिवेणी १० मा २० जना सहभागीहरुलाई सरफ बनाउने पुनर्ताजगी तालिम सञ्चालन गरियो ।

### कृषि तथा पशुसेवा तर्फ

कृषिलाई आधुनिकरण तथा व्यवसायिकरण गर्ने कृषकहरूलाई प्रत्येक वडामा तालिम संचालन गरियो । कृषि यान्त्रीकरण प्रवर्द्धनका लागि विभिन्न किसिमका कृषि उपकरणहरु ५० प्रतिशत अनुदानमा कृषकहरुलाई वितरण गरियो । करेसाबारी प्रवर्द्धनका लागि एक घर एक करेसाबारी अभियानको रुपमा विभिन्न किसिमका तरकारीका विउबिजनहरु वितरण गरियो । कृषक प्रोत्साहन कार्यक्रम र नर्सरी लागत साझेदारी कार्यक्रम सञ्चालन गरियो ।

पशुपालक कृषकहरूको मागलाई मध्यनजर गरी लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम मार्फत उन्नत जातिको भैंसी वितरण गरियो । पशुको रोग नियन्त्रणको लागि विभिन्न किसिमका खोप लगाउने काम गरिएको छ । साथै हाले पशु महामारीको रुपमा देखा परेको लम्पी स्कीन बाट ग्रसित पशुहरुलाई खोप अभियान सञ्चालन गरियो । कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादनमा जोड दिँदै आइएको छ । पशुसेवा शाखा मार्फत विभिन्न किसिमका औषधीहरु पशुपंक्षीहरुका लागि किसानहरुलाई वितरण गरिएको छ ।

राजकुमारी रेउले
उपाध्यक्ष

## पर्यटन तथा वन वातावरण तर्फ

त्रिवेणी गाउँपालिका ६ मा जनयुद्ध संग्रालय प्रदेश सरकारसँग समन्वय गरि निर्माण कार्य भैरहेको छ भने त्रिवेणी २ र ५ मा सहिद विजय घले स्मृति प्रतिष्ठानको स्मृति पार्क निर्माण कार्य सञ्चालन भैरहेको छ । संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी सहिद पार्क निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने प्रयास गरिएको छ । त्रिवेणी गाउँपालिकाको संस्कृति संरक्षणका लागि गाउँपालिकाभित्रका सांस्कृतिक तथा साहित्यिक संघ संस्थाहरुको संस्थागत विकास तथा प्रवर्द्धन गर्न विभिन्न गतिविधिहरु सञ्चालन गरिएको छ ।

## न्यायिक समिति तर्फ

आर्थिक वर्ष २०७९/०८० मा न्यायिक समितिमा जम्मा २५ वटा उजुरी परेकोमा ५ वटा जिल्ला अदालतमा सिफारिस गरियो भने १६ वटा मिलापत्र गरियो भने ४ वटालाई मुल्तवीमा राखिएको छ ।

चालु आवमा न्यायिक समितिद्वारा वडा मेलमिलाप केन्द्र, नागरिकसँग अन्तर्क्रिया र कार्यकाल समीक्षा गरिएको छ । त्यस्तैगरी माध्यमिक विद्यालयमा सरोकारवालाहरुबीच कानुन तथा अभिमुखीकरण तालिम सञ्चालन गर्नुका साथै विभिन्न सचेतनामूलक गतिविधिहरु सञ्चालन गरिएको छ ।

## सभाध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मुख्य चूनौतिहरु यसप्रकार उल्लेख गर्न चाहन्छु ।

- सीमित बजेट तथा स्रोत साधनबाट जनताका असीमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सिमितताका कारण जनताका अनगिन्ती आवश्यकता र आकांक्षा अपेक्षित ढंगले परिपूर्ति गर्न सकिएको छैन ।
- विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन तोकिएकै समयमा गर्नु चूनौतिपूर्ण छ ।
- उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच बृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन बृद्धि गर्न चूनौति छ ।
- निर्माण कार्य संचालन गर्ने क्रममा निर्माण व्यवसायी र उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी विकासमा गुणस्तरीयता कायम गर्न चूनौति रहेको छ ।

सभाध्यक्ष महोदय,

अब म यस सम्मानित सभा समक्ष आ.व. ०८०।८१ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) स्वास्थ्य संस्थाको सुदृढिकरण, सर्वसुलभ, विश्वसनीय, भरपर्दो र सुरक्षित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु ।
२) सामाजिक न्याय समावेशीकरण र समानताको प्रवर्द्धन गर्नु ।
३) नागरिकको प्रत्यक्ष जीवन प्रक्रियासंग जोडिएका पुर्वाधार संरचनाको विकास गर्नु ।
४) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, तथा स्वच्छ खानेपानी र सरसफाईलाई प्राथमिकताका साथ परिपुर्ति गर्नु ।
५) स्थानिय तहको सेवा प्रवाहलाई चुस्त-दुरुस्त तुल्याउन प्रशासनिक व्यवस्थापन तथा पूर्वाधार संरचनाको विकास गर्नु ।
६) सडक, झोलुंगे पुल, मोटरेवल पुल, भवन तथा बस्ती विकास, सिंचाई, सञ्चार क्षेत्रको सुदृढिकरण र विकास गर्नु ।
७) पूर्वाधारको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवन यापनमा सहजता ल्याउनु ।
८) शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिको प्रयोग र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्नु ।
९) स्वच्छ पिउने पानी तथा सरसफाईमा गाउँबासीको पहुँचमा वृद्धि गर्नु ।
१०) उद्यम र उद्यमशीलताको विकास, कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।
११) कृषि तथा पशुपालन पेशा व्यबसायीक रोजगार तर्फ उन्मुख गर्नु ।
१२) स्थानिय लोक, कलासंस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नु ।
१३) शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरिय, व्यबसायिक र समाबेशि गराउन योजनाबद्ध विकासको शुरुवात गर्नु ।
१४) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्नु ।
१५) विपद जन्य जोखिम न्यूनिकरणका लागि योजना र कोष निर्माण गर्नु ।
१६) विद्युतिय सुशासनको क्रमशः विस्तार गर्दै लैजानु ।
१७) संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्नु ।

राजकुमारी रेउले
उपाध्यक्ष

सभाध्यक्ष महोदय,

बजेटका उल्लेखित उद्देश्यहरु पुरा गर्न मैले योजना तथा कार्यक्रम छनौट गर्दा तपशिल बमोजिमका कुराहरुलाई ध्यानमा राख्ने प्रयास गरेको छु ।

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान,
- स्थानिय चेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीताको अभिवृद्धि,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि,
- वातावरण संरक्षण, विपद व्यवस्थापन र जलवायु अनुकुलन,
- संस्कृति र पहिचान प्रवर्द्धन,
- सेवा प्रवाह, संस्थागत विकास, सुशासन र सेवा प्रवाहमा सुधार,
- गुणस्तरीय, जीवनउपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा बृद्धि, मानव संसाधन विकास ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**स्वास्थ्य सेवा र पोषण तर्फ**

- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, उपचारात्मक सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, परिवार कल्याण कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य सेवा तालिम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालनका साथै औषधी खरिद र भौतिक संरचना लगायतको व्यवस्था गरी स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गर्न रु. **३ करोड ४३ लाख** विनियोजन गरेको छु ।
- सुत्केरी सेवाको लागि महिलाहरुलाई बर्थिङ सेन्टर तथा पालिकाभित्रका स्वास्थ्य संस्थासम्म पुऱ्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा दिने व्यवस्थालाई निरन्तरता दिएको छु । गर्भवती चेकजाँचको लागि प्रत्येक महिनामा एकपटक चिकित्सक सहित ग्रामीण भिडियो एक्सरे र प्रयोगशाला सेवा दिने व्यवस्था मिलाएको छु, सो का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।



राजकुमारी रे

- आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवं अन्य अन्य वैकल्पिक चिकित्सा पद्दतिको विकास र विस्तार गर्न एवं संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नागरिक आरोग्य केन्द्र मार्फत प्रदान गरिने सेवालाई निरन्तरता दिइएको छ। जसका लागि **रु. ४ लाख** विनियोजन गरेको छु।
- किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी मातृशिशु स्वास्थ्य एवं आमा तथा बच्चाको पोषणको अवस्था सुधार गर्न **रु. १३ लाख** विनियोजन गरिएको छ।

## शिक्षा, युवा तथा खेलकूद तर्फ

- त्रिवेणी गाउँपालिकामा शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिको प्रयोग र सरोकारवालाहरुको क्षमता अभिबृद्धि तथा परिचालन परियोजना सञ्चालनका लागि **रु. ५० लाख** विनियोजन गरिएको छ।
- सबैका लागि शिक्षा कार्यक्रम-आधारभूत तह (आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान) का लागि **रु. ९ करोड ११ लाख** विनियोजन गरिएको छ।
- माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान स्वरुप **रु. २ करोड १० लाख** विनियोजन गरिएको छ।
- गाउँपालिका अनुदान शिक्षक, कर्मचारीहरुको तलब भत्ता स्वरुप **रु. ४ करोड ९० लाख** विनियोजन गरेको छु।
- विद्यालय शिक्षा क्षेत्र योजना सञ्चालनका लागि **रु. ५ करोड ४८ लाख** विनियोजन गरिएको छ।
- शैक्षिक क्षेत्रको समग्र विकासका लागि शिक्षा युवा तथा खेलकूद शाखामार्फत विभिन्न क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- विद्यार्थीहरुलाई खेलप्रति आकर्षण बढाउन विद्यालय स्तरीय तथा पालिका स्तरीय विभिन्न खेलकूद प्रतियोगिताहरु सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

## कृषि तथा पशुसेवा तर्फ

- स्याउ ओखर पकेट विकास कार्यक्रमको निरन्तरता र गाई भैसी पकेट विकास कार्यक्रमको निरन्तरताको लागि **रु. १६ लाख** विनियोजन गरिएको छ।

- मकै बाली प्रवर्द्धन कार्यक्रमका लागि रु. **९ लाख ७५ हजार** विनियोजन गरिएको छ ।
- कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायिकरणका लागि कृषकहरुको क्षमता अभिबृद्धि तथा प्रविधि हस्तान्तरण परियोजनाका लागि रु. **१ करोड १५ लाख** विनियोजन गरेको छु ।
- पशुसेवा शाखा मार्फत गाउँपालिकामा पशु रोग नियन्त्रण, कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादन बृद्धि, र पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि निःशुल्क औषधीहरु वितरण, पशु उपचार शिविर सञ्चालन, डालेघाँस प्रवर्द्धन र घाँसखेती विस्तार लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकास तथा सडक निर्माण तर्फ**

- त्रिवेणी गाउँपालिकामा कृषि सडक विस्तार र स्तरोन्नति कार्यलाई मध्यनजर गरी साजारुख-आवि भुम्के-बरनेटी-टोट्के सडक निर्माणका लागि रु. **१ करोड ६० लाख** विनियोजन गरेको छु ।
- पैराटा-मुरु-लाछिकोट-कुरल-पितिवाङ सड्क निर्माणका लागि रु **१ करोड ५० लाख** विनियोजन गरेको छु ।
- लामाखेत-जिवाङ-लामामेला-रोल्पा सडक निर्माणका लागि रु **१ करोड ५० लाख** विनियोजन गरेको छु ।
- खारा-लिवाङ-काउलेचौर सडक निर्माणका लागि रु **१ करोड** विनियोजन गरेकोछु ।
- मुरु स्वास्थ्य चौकी भवन तथा वर्थिङ सेन्टर निर्माणका लागि रु. **१ करोड** विनियोजन गरेको छु ।
- बालकल्याण आधारभुत विद्यालय भेडाखर्क विद्यालय भवन निर्माणका लागि रु. **४० लाख** विनियोजन गरेको छु ।
- शहिद स्मृति प्रतिष्ठान पूर्वाधार निर्माणका लागि रु **३० लाख** विनियोजन गरेको छु ।
- दहवाङ खेलमैदान भौतिक पूर्वाधार निर्माणका लागि रु. **२० लाख** विनियोजन गरेको छु ।
- प्रगतिशील आवि त्रिवेणी ८ का लागि शौचालय निर्माणका लागि रु. **१० लाख** विनियोजन गरेको छु ।

राजकुमारी रेउते
उपाध्यक्ष

- सामुदायिक रेडियो समावेशी आवाजको भौतिक पूर्वाधार निर्माणका लागि **रु. १० लाख** विनियोजन गरेको छु।
- भँयाराथान-टोट्के सडक निर्माणका लागि **रु. ४० लाख** विनियोजन गरेको छु।
- लिवाङ-काउलेचौर-कुल्सीवाङ-मेनटाकुरी कृषि सडक निर्माणका लागि **रु. १५ लाख** विनियोजन गरेको छु।
- झुल्नेटा-भेरीपोखरा-नुवाकोटडाँडा सडक ग्राभेलका लागि **रु. १५ लाख** विनियोजन गरेको छु।
- वडाहरुको पूर्वाधार विकास तथा सडक सरसफाईका लागि **रु. ५० लाख** बजेट विनियोजन गरेको छु।

**झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ**

- खाल्टीखोला झो.पु., रुँघाखोला झो.पु., हाइवाङखोला झो.पु. निर्माण कार्य निरन्तरताका लागि **रु. ३५ लाख** विनियोजन गरिएको छ।

**ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम तर्फ**

- नवीकरणीय उर्जा प्रविधि जडानका लागि **रु. १० लाख** विनियोजन गरिएको छ।

**रोजगार तर्फ**

- त्रिवेणी गाउँपालिकामा रहेका बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा स्थानीय तह मार्फत हुने विकास निर्माणका योजनाहरु मार्फत करिब ५ सय युवाहरुलाई रोजगारी उपलब्ध गराईने छ। प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ **रु. ८२ लाख** विनियोजन गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाहरुमा लगानी साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १० वटै वडाहरुमा योजना सञ्चालनका लागि **रु. १ करोड ५० लाख** विनियोजन गरिएको छ।

राजकुमारी रेउले
उपाध्यक्ष

## उद्यम विकास तर्फ

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने, आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने र लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने व्यवस्था मिलाइएको छ। जसका लागि रु. १३ लाख विनियोजन गरिएको छ।

## न्यायिक समिति तर्फ

- संघीयता अनुकुलको गुणस्तरीय कानुन निर्माण गरी निःशुल्क कानुनी सहायता, स्थानीय न्यायिक समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी, वकिलको न्याय सम्पादन एवं मुद्दा सम्पादन, व्यवस्थापन क्षमता अभिबृद्धि, अपराध अनुसन्धान, वस्तुगत प्रमाणमा आधारित बनाउने, मुद्दाका साक्षी, प्रमाणको प्रस्तुति, कानुनी शिक्षा शिक्षण र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ। जसका लागि रु. १० लाख विनियोजन गरेको छु।

## लक्षित वर्ग (महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक तथा शहिद परिवार) तर्फ

- महिला सशक्तिकरण, नेतृत्व विकास, महिला सहकारी सुदृढिकरण, बालअधिकारको प्रवर्द्धन, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र लैंगिक अल्पसंख्यकको अधिकार सुनिश्चिततताका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि रु. २३ लाख विनियोजन गरेको छु।
- शहिद परिवारको आत्मसम्मान तथा आयबृद्धिका लागि रु. ३ लाख विनियोजन गरेको छु।
- घाइते अपाङ्ग सहायता कार्यक्रमको लागि रु. १ लाख र गाउँपालिका स्तरको द्वन्द्वपीडित महिला सञ्जाल सहायताको लागि रु. १ लाख विनियोजन गरेको छु।
- दलित उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न रु. १० लाख विनियोजन गरेको छु।
- युवा तथा खेलकूद कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेकोछु।

राजकुमारी रेउले
उपाध्यक्ष

## पर्यटन, लोक कला, साहित्य तथा संस्कृति तर्फ

- त्रिवेणी गाउँपालिका ६ मा निर्माणाधीन जनयुद्ध संग्रालय निर्माणको कामलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र रहेका धार्मिक सम्पदा, मठ, मन्दिरको निर्माण तथा मर्मत कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- त्रिवेणी गाउँपालिकाको लोक साहित्य र संस्कृति संरक्षणका लागि क्रियाकलाप सञ्चालनका लागि रु. **५ लाख** व्यवस्था गरेको छु ।

## लगानी प्रवर्द्धन तर्फ

- लगानी प्रवर्द्धन गरी जिल्लामा रहेका उद्योगहरुको संरक्षण, प्रवर्द्धन र सञ्चालनमा टेवा पुऱ्याई आर्थिक समृद्धिमा योगदान गर्न र भविष्यमा त्रिवेणी गाउँपालिकाले लगानीको उचित लाभ लिनेगरी स्यार्पू कृषि कम्पनी लिमिटेडमा शेयर लगानी गर्न रु. **१ करोड** विनियोजन गरेको छु ।

## सूचना तथा सञ्चार

- त्रिवेणी गाउँपालिकालाई सूचना तथा सञ्चारमैत्री बनाईनेछ । नियमित पत्रकारहरुसँग भेटघाट र अन्तर्क्रिया गरी भएगरेका कामहरुको सार्वजनिक गर्ने र सल्लाह सुझाव लिइनेछ । पत्रकारहरुको समग्र क्षमता विकासका लागि गतिविधि सञ्चालन गरिनेछ । आम सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## गैरसरकारी संघ संस्था तर्फ

- त्रिवेणी गाउँपालिकाभित्र कार्य सञ्चालनका लागि विभिन्न समयमा अनुमति लिएका गैर सरकारी संस्थाहरुलाई एकद्वार प्रणालीमा आवद्ध गर्न देहायका संघ संस्थाहरुले आफ्नो तर्फबाट पेश गरेको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि समावेश गरेको छु ।
  - नेपाल खीष्टिय राहत सेवा : रु. २३ लाख ८१ हजार ८ सय ३१
  - ओरेक नेपाल : रु. १५ लाख ६३ हजार ८ सय ४०
  - वान हर्टः रु. १५ लाख
  - सहकर्मी समाज : रु. २ लाख ५१ हजार २ सय ३५

यी विषयगत क्षेत्रमा छुटेका अन्य थप क्रियाकलापहरु सञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । संघीय सरकार र प्रदेश

सरकारबाट थप अनुदान प्राप्त भएमा सम्बन्धित कार्यविधि अनुसार क्रियाकलापहरु सञ्चालन गरिनेछ। बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ।**

आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि रु. **५० करोड ९६ लाख ४० हजार ५ सय २२ रुपैंया** विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ रु. **३८ करोड ४ लाख २८ हजार** अर्थात **७४.६५ प्रतिशत** र पुंजीगततर्फ रु. **१२ करोड ९२ लाख १२ हजार ५ सय २२** अर्थात **२५.३५ प्रतिशत** रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. **१ करोड**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **८ करोड ५९ लाख**, संघीय सरकार सशर्त अनुदानबाट रु. **२२ करोड ३० लाख**, संघीय सरकार *समपूरकतर्फ रु. **८० लाख** र संघीय विशेषतर्फ रु. **१ करोड ६५ लाख**,* संघीय सरकार राजश्व बाँडफाँडबाट रु. **७ करोड ८९ लाख ६४ हजार १ सय**, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **९२ लाख २१ हजार**, प्रदेश सरकार सशर्त अनुदानबाट रु. **४ करोड २६ लाख ४८ हजार**, *प्रदेश सरकार समपूरकतर्फ रु. **२ करोड** र प्रदेश सरकार विशेषतर्फ रु. **८० लाख**,* प्रदेश सरकार राजश्व बाँडफाँडबाट रु. **५ लाख ७ हजार ४ सय २२** र आर्थिक वर्ष २०७९/०८० मा खर्च नभई बचत हुने रकम रु. **६९ लाख** प्रक्षेपण गरेको छु।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष २०८०/०८१ का लागि निम्नानुसार आन्तरिक राजश्व परिचालन नीति अवलम्बन गरिनेछ।**

- आन्तरिक स्रोत परिचालन तर्फ एकदमै न्यून राजस्व संकलन हुने गरेको तथ्यलाई बोध गर्दै राजश्वका दररेट र दायराका सन्दर्भमा व्यापक छलफल तथा अध्ययन अनुसन्धान गरी निर्णय लिइनेछ।
- वडा र गाउँपालिका बीचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गरिनेछ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाईनेछ।

- कर तिर्ने प्रवृत्तिको विकास गर्ने गराईने छ ।

अध्यक्ष महोदय,

बजेट छलफलको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक संघ संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन्, सबै एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध बनौं । बजेट छलफलमा सबै सदस्यज्यूहरुले सक्रिय सहभागीता जनाई बजेट अनुमोदन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

धन्यवाद ।

.......................

राजकुमारी रेउले

उपाध्यक्ष

राजकुमारी रेउले

उपाध्यक्ष

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)